# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, पुस २९ गते २०४६ साल (अतिरिक्ताङ्क ५४

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्व विद्यालयको कुलपतिको हैसियतले सह-कुलपति शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा यही पुस २४ गते गठित समितिले सिफारिश चढाए बमोजिम श्री केदारभक्त माथेमालाई उपकुलपति पदमा नियुक्त गरिबक्सेको छ ।

### सूचना २

माननीय पर्यटन मन्त्री श्री रामहरि जोशी फिनल्याण्डको हेलसिन्कीमा आयोजना हुने नेपालको फुड एण्ड कल्चरल फेष्टिवलमा भाग लिन २०४६ साल पुस २९ गते फिनल्याण्ड जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउन भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री जगन्नाथ आचार्यले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

552

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।